अनुसूची-१

# गंगाजमुना गाउँपालिकाको
# पाँचौ गाउँसभामा अध्यक्ष श्री बल बहादुर अधिकारीले
# प्रस्तुत गर्नुभएको
# आ.ब.२०७६।७७ को

# नीति तथा कार्यक्रम

१० असार २०७६

# गंगाजमुना गाउँपालिका

## गंगाजमुना गाउँपालिका

**पाचौ गाउँ सभामामागाउँपालिका अध्यक्षश्री वलवहादुर अधिकारीले पेश गर्नुभएको आ.व. २०७६/७७ को**

## नीति तथा कार्यक्रम

गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरु,

सर्वप्रथम, मुलुकको राष्ट्रियता, सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय स्वाधिनता र स्वतन्त्रताका लागि जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । यस गरिमामय समारोहमा उपस्थित सदस्यज्यूहरु, यस गंगाजमुना गाउँको सम्बृद्धि र विकासमा चासो र सरोकार राखिश्रवण गरिरहनुभएका राजनैतिक दलका प्रमुख तथा प्रतिनिधीज्यूहरु, राष्ट्रसेवक कर्मचारी, विभिन्न संघ संस्थाका प्रमुख तथा प्रतिनिधीज्यूहरु, समाजसेवी, बुद्धिजिवी, संचारकर्मी तथा आम गाउँबासीहरु समक्ष गाउँपालिकाको यस सम्मानित गाउँसभामा गाउँपालिकाको आगामी आर्थिक वर्ष २०७६/७७ को समग्र नीति, तथा कार्यक्रमहरु प्रस्तुत गर्न पाउँदा म गौरवान्वित भएको छु । पाचौ सम्मानित गाउँसभाबाट गाउँपालिकाको दीर्घकालीन लक्ष **"सुरक्षित, सुन्दर र समृद्ध गंगाजमुनाः कृषि, पर्यटन र जडिबुटी हाम्रो चाहना"** भन्ने मूल ध्येय तथा **"हाम्रो संकल्प र प्रतिवद्धताः कृषि, पर्यटन र जडिवुटी प्रवर्धनमा विशेष प्राथमिकता"** लाई गाउँपालिकाको योजनावद्ध, समष्टिगत तथा दीगो विकासको लागि तय गरिएको दीर्घकालिन सोच हासिल गर्ने उद्धेश्यलाई ब्यवहारमा उतार्न विभिन्न चरणको सहभागिता मूलक योजना तर्जुमा प्रक्रिया अवलम्वन गरी आगामी आर्थिक वर्ष २०७६/७७ को गाउँपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गर्न गईरहेको छु ।

सीमित श्रोत साधन परिचालन गरी नतिजामूलक उपलब्धी हाँसिल गर्न गाउँपालिकामा बस्तीस्तर देखि पहिचान भई वडा भेला हुँदै प्राथमिकताका साथ आएका योजना तथा कार्यक्रमहरु प्रचलितनीति तथा कार्यक्रम, मार्ग निर्देशन तथा बजेट सिलिङ्ग र गाउँपालिकाको उपलब्ध हुने श्रोत साधनलाई मध्यनजर राखेर, स्रोत अनुमानतथा वजेट निर्धारण समितिको बैठक, वजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक, वस्ती, वडा वाट छनोवट भएर आएका योजना, सर्वपक्षिय भेलाबाट प्राप्त सुझाव, तथा सिफारिशका आधारमा तयार पारिएको निति तथा कार्यक्रम यस सम्मानित सभामा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

सभाका सदस्यज्यूहरु **"सुरक्षित, सुन्दर र समृद्ध गंगाजमुनाः कृषि, पर्यटन र जडिबुटी हाम्रो चाहना"** भन्ने मूल ध्येय लाई आत्मसाथ गर्दै आगामी आर्थिक बर्ष २०७६/७७ को लागि नीति तथा कार्यक्रम र योजना तर्जुमा गर्दा निम्न पक्षहरुलाई आधार मानेको छु ।

**सर्वप्रथम म आ व २०७५।७६ का कार्यक्रमको प्रमुख उपलव्धिहरु वारे जानकारी गराउन चाहन्छु ।**

**पुर्वाधार विकास तर्फ**

१ .नया सडक निर्माण २९.५ किलोमिटर

२ .सडक मर्मत तथा स्तरोन्ती. ८० किलोमिटर

३. प्राविधिक सर्वेक्षण ९२.५ कि मि

४. गाउँपालिका वडा कार्यालय निर्माण  २ वटा
५. खानेपानी ( १ घर १ धारा कार्यक्रम) गाउँपालिका र संस्थागत साझेदारी मा

- पुणिमा कार्यक्रम अन्तरगत  ३८५ वडा नं ६
- वडा नं २यु एम एन को सहयोगमा  २६०
- वडा ४ मा ग्रामिण खानेपानी कार्यक्रमको सहयोगमा २१८ धारा निर्माणधिन
- गाउँपालिका वाट वडा नं ५ मा ४० धारा निर्माण
- साहास र केयर नेपालको सहयोगमा वडा न. ७ मा १८० धारा निर्माण
- वडा न. १ मा सान्ति नेपाल को सहयोगमा ९८ धारा र GWS को सहयोगमा ३१ धारा निर्माण

६.  गाउँ पालिका र पुणिमा कार्यक्रमको साझेदारीमा वडा न. ६ मा झोलुङगे पुल निर्माण
७. वडा नं ३ र ४ मा विधुतीकरण
८. गाउँपालिका तथा कर्मचारी भवनका लागी प्राविधिक प्रतिवेदन तयार

**स्वास्थ्य तर्फ**
१.फुलखर्क र गुम्दी स्वास्थ्य चौकीमा प्रयोसाला सेवा सन्चालन
२.वडा न. २ मा सामुदायिक स्वास्थ्य इकाइ स्थापना गरि सञ्चालन तथा वडा नं ७ वासखर्कमा नयाँ भवन निर्माण
३. गर्भवती महिला हरुलाई हुनसक्ने खतरा लक्षण पहिचान गर्न गर्भवतीलाई निशुल्क भिडियो एक्सरे सेवा सन्चालन

**शिक्षा**

- पालिका स्तरिय शिकाई उपलब्धि परिक्षा सन्चालन
- तहगत विषयगत शिक्षक पुनर्ताजकी तालीम
- पालिका स्तरमा क्यालेन्डर अनुसार विधालय सन्चालन
- ४८ वटा विधालयको स्थलगत अनुगमन
- १४ वटा विधालयमा विधार्थी संख्याका आधारमा शिक्षक समायोजन
- विधालयगत तहगत हाजिरीजवाफ हिज्जे प्रतियोगीता
- ५ वटा उच्च मा वी मा प्राविधिक तथा सेवा आयोग कक्षा सञ्चालन
- DLPIU ( शिक्षा तथा जाइकाको सहयोगमा ५ वटा विधालय निर्माणाधिन
- प्रथम रास्टपति रनिडसिल सञ्चालन

**कृषी सेवा तर्फ**
१. सम्पुर्ण वडामा जम्मा ३५०० कागती विरुवा वितरण
२. माछा पालन फर्मका लागी अनुदान
३. वडा नं ७ मा कृषकलाई विभिन्न प्रजातिका उन्नत विरुवा वितरण
४. वडा न. ५ मा नर्सरी निर्माण
५. ३ वटा रस्टिक स्टोर निर्माण
६. वडा ३, ४, ५ मा मकै विउ वितरण
७. वडा नं. ७ मा केरा, लिचि, आँप, कागती लगायतका फलफुलका विरुवा वितरण

**पसु सेवा तर्फ**
१ .सवै वडामा पसुस्वस्थ्य सिविर सन्चालन
२. पि पि आर खोप सेवा
३. उन्नत घासको विरुवा  ताथा विउ वितरण
४.वडा नं. ७ मा बोर जातको वाखाका पाठा पाठी वितरण ।

**पर्यटन विकास तथा पुवाधार तर्फ**

- गगाजमुना क्षेत्रको पुवाधार विकास
- चौरथला ठुलोनाङगे क्षेत्र वडा ६ को प्राविधिक अध्ययन

**संस्थागत विकास**

- गाउँपालिका तथा पुणिमा कार्यक्रम संगको साझदारिमा गाउँपालिकाको प्रोफाइल र आवाधिक योजना निर्माण अन्तिम चरणमा
- १४ वटा ऐन तथा कार्यविधी पारित
- न्यायिक समितिको क्षमता विकास गरि सामुदायिक मध्यस्थता मार्फत मेलमिलापकार्यको सुरुवात र आ व २०७५। ७६ मा १९ वटा मुदा दर्ता भइ ८ वटाको मिलापत्र र अन्य प्रकृयामा रहेको

**आगामी आ व २०७६। ०७७ मा नीति तथा कार्यक्रम निर्माणमा निम्न आधारहरु लिएको छु।**

- दिगो विकासका लक्ष्यहरू
- नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धी सम्झौताहरु
- नेपाल सरकारको दीर्घकालिन सोच तथा पन्ध्रौ योजना
- राष्ट्रिय भूउपयोग नीति २०६९ लगायत राष्ट्रिय, प्रादेशिक विषयगत नीति, ऐन तथा नियम
- प्रदेश ३ सरकारको सरकारको पहिलो आवधिक योजना
- राष्ट्रिय, प्रादेशिक तथा जिल्लास्तरीय विषय क्षेत्र गुरुयोजनाहरू
- गाउँपालिकाको आवाधिक योजनाको प्रारम्भिक प्रतिवेदन

**दीर्घकालीन सोच :** सुरक्षित, सुन्दर र समृद्ध गंगाजमुनाः कृषि, पर्यटन र जडिबुटी हाम्रो चाहना

**उद्देश्य :**

- उत्पादन, रोजगारी र आयमा गुणात्मक तथा दीगो वृद्धि गर्नु
- स्वस्थ, सिर्जनशिल र सीपयुक्त मानवीय शक्तिको विकास गर्नु
- अन्तरसम्वन्ध, बजार तथा आधारभूत सुविधाको स्तर बृद्धि गर्नु
- विकास प्रक्रिया तथा नतिजालाई वातावरणमैत्री, उत्थानशील र दीगो बनाउनु
- सेवा सुविधा, कार्यसम्पादन तथा जवाफदेहिताको स्तरमा अभिबृद्धि गर्नु

**प्राथमिकताका क्षेत्रहरु**

उपरोक्त उद्देश्यहरु प्राप्तिका लागिगाउँपालिकाबाट निम्न बमोजिमको प्राथमिकताका आधारमा बिषयगत र क्षेत्रगत नीति, कार्यक्रम तर्जुमा गरिएको छ।

१. समृद्ध गाउँपालिकाकालागी लागि शिक्षा, कृषि, पर्यटन, पूर्वाधार, र जडिवुटीको प्रवर्द्धन तथा विकास,

२. दिगो विकासका लागि योजना तर्जुमा, लागत सहभागितामा कार्यान्वयन, एवं अनुगमन तथा मूल्याङ्कनमा सुनिश्चितता,

३.ग्रामीण आधारभूत सेवाहरु जस्तै सडक यातायात सञ्जाल विकास, विस्तार एवं स्तरोन्नती, ढल निकास, विधुतीकरण, खानेपानी तथा सरसफाई एवं वातावरण सन्तुलन र विकास ,

४.शान्ति, सुरक्षा, सुशासन, जनकेन्द्रीत सेवा प्रवाह, संस्थागत क्षमता सुदृढिकरणका एवं योजनाबद्ध ग्रामीण विकास,

५. महिला, बालबालिका, अशक्त/अपाङ्ग, दलित, आदिबासी/जनजाति, पिछडिएका वर्ग र अति गरिब तथा सिमान्तकृत समुदायको विकास,

६. विकासमा गैर-सरकारी तथा निजी क्षेत्रसँग सहकार्य र साझेदारी,

**आ व २०७६। ७७ का क्षेत्रगत नीति तथा कार्यक्रम**

**१) पूर्वाधार तथा भौतिक संरचना बिकास नीति तथा कार्यक्रम :**

१. सवै वडा केन्द्र देखी गाउँपालिका सदरमुकाम सम्मको सडक निर्माणलाई जोड दिईनेछ ।

२. सातै वडाहरुलाई समेट्ने गरी दीर्घकालीन एवं सामरिक महत्वका गाउँपालिकाका गौरबका योजना छनौट तथा कार्यान्वयनमा प्राथमिकता दिईनेछ । गाउँपालिका सञ्चालन गरिने पूर्वाधार वा सामाजिक बिकाससँग सम्बन्धित आयोजनाहरु वस्ती र वडास्तरमा सहभागितामूलक पद्धतिबाट छनौट, तर्जुमा एवं प्राथमिकताको आधारमा कार्यान्वयन गर्ने नीति अवलम्बन गरिनेछ । आयोजना छनौटको क्रममा रु ५ लाख भन्दा बढी लागत लाग्ने आयोजनालाई प्राथमिकता दिईनेछ ।

३. गाउँबासीहरुलाई आगामी ३ वर्ष भित्र सवैलाई एक घर एक धारा सहित स्वच्छ खानेपानीको सुविधा पुऱ्याईनेछ । यसै वर्ष देखी कार्यक्रमका शुरुवात गरिनेछ ।

४. गाउँपालिका र वडा भवननिर्माणको लागि आवश्यक बजेट रकम ब्यवस्था गरिनेछ । वडाको कार्यालय सञ्चालनका लागि भवन निर्माण गर्न जग्गा ब्यवस्थापन गरिनेछ ।

५. जनसहभागितामा सञ्चालन गरिने आयोजनाहरुको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी सम्पूर्ण जिम्मेवारी सम्बन्धित उपभोक्ताहरुलाई नै हस्तान्तरण गर्ने नीति लिइनेछ । लागत सहभागिता कम्तिमा २० प्रतिशत हुनुपर्नेछ ।

६. दिगो पूर्वाधार, प्रविधिको प्रयोग एवं आर्थिक विकासका लागि समपुरक कोषबाट सञ्चालन गरिने आयोजनामा विभिन्न क्षेत्रानुसार समपूरक कोषमा आवश्यक रकम विनियोजन गरिनेछ ।

७. भौतिक पूर्वाधार तथा संरचनाको गुणस्तर सुनिश्चतताको लागि सुपरिवेक्षण तथा अनुगमन कार्यलाई नियमित बनाई प्रभावकारी रुपमा अगाडि बढाइनेछ ।

८. यस गाउँक्षेत्रमा सडक निर्माण कार्यलाई व्यवस्थित गर्न आगामी आ.व.मा गाउँ यातायात गरुयोजना बनाईनेछ । यस कार्यकालागी प्राविधिक सहयोगकालागी साझेदार संस्थासग समन्वय गरिने छ ।

९. नेपाल सरकारको भू-उपयोग नीति अन्तर्गत गाउँपालिकास्तरीय भू-उपयोग समिति गठन गरी कार्यान्वयनमा ल्याइनेछ । गाउँ क्षेत्र भित्रको सार्वजनिक जग्गाको लगत संकलन तथा संरक्षण गरिनेछ।

१०. गाउँको समग्र विकास निर्माणमा सार्वजनिक नीजि साझेदारी (Public Private partnership PPP) को अवधारणा अवलम्बन गरिनेछ ।

**२)  आर्थिक प्रशासन तथा राजस्व परिचालन नीति तथा कार्यक्रम :**

१)  राजश्व संकलन तथा परिचालन सम्बन्धी कार्यलाई प्रचलित ऐन कानुन तथा प्रचलित नीति, मार्गदर्शन र कार्यविधि बमोजिम व्यवस्थित बनाई राजश्ब अभिबृद्धि गरिनेछ । करका दरलाई फराकिलो पारी न्यून दरमा कर, शुल्क, दस्तुर कायम गरी सरल सहज तरिकाबाट भुक्तानी गर्न मिल्ने पद्धति अवलम्बन गर्न पहल गरिने छ ।

२)  यस  गाउँ क्षेत्र भित्र बसोबास गर्ने  गाउँबासीहरुको क्षमता, अन्य  गाउँपालिकाहरुको तुलनात्मक अध्ययन, प्रचलित ऐन नियमको प्रावधान बमोजिम करका दर निर्धारण गरिनेछ ।

३) कर उठाउन करदाताहरुको तथ्यांक संकलन गरिनेछ । आन्तरिक आयमा बढोत्तरी गर्न राजश्व क्षेत्र पहिचान तथा दर निर्धारणकालागी अध्ययनगरि कार्यानवयनमा ल्याइने छ ।

४) निर्माण सम्पन्न घरको लगत व्ययस्थापन तथा वजार क्षेत्रमा वन्ने पक्की भवनको अनिवार्य नक्सापास तथा भवन मापदन्ड लाई क्रमस कार्यन्वयनमा ल्याईने छ ।

५) गाउँपालिकामा स्थापित बैक शाखा मार्फत आर्थिक कारोवारलाई प्रभावकारी एवं पारदर्शी बनाईनेछ । आयस्तर र बचतमा बद्धिको लागि सवै परिवारमा १ घर १ बैंक खाता खोल्ने नीति लिईनेछ । गाउँपालिका भित्रका सबै घरधुरी दर्ता, पेशा, ब्यवसाय दर्ता गरिनेछ ।

६) यस  गाउँपालिकाको बार्षिक बजेट तथा कार्यक्रममा समावेश संघ, प्रदेश तथा अन्य श्रोत प्राप्त वजेटमा थपघट भएमा वा योजनाहरु परिमार्जन भएमा सोही बमोजिम कार्यान्वियन गरिनेछ ।

**३)  सामाजिक विकास नीति तथा कार्यक्रमः**

**(क)  वातावरण, तथा विपद्ध ब्यवस्थापन, स्वास्थ्य तथा सरसफाई नीति तथा कार्यक्रम :**

१)  यस गंगाजमुना गाउँपालिकालाई पूर्ण सरसफाइ क्षेत्र घोषणा गर्न अभियान संचालन गरी सन्  २०१९ भित्र यस गा.पा.क्षेत्रलाई पूर्ण सरसफाइ क्षेत्र क्षेत्र घोषणा गरिनेछ । यसकालगी साझेदार संस्थाहरुसंग समन्वय गरिने छ ।

२) वातावरण मैत्री स्थानिय शासनको अवधारणालाई कार्यानवयनमा ल्याईने छ । सरसफाई व्यवस्थापन गर्नको लागि टोल विकास संस्थालाई सकृय वनाई कार्यक्रम अगाडी वडाईने छ ।

४. गाउँपालिकामा सामाजिक सदभाव लाई चुस्त बनाउन एवं गाउँपालिकाको न्यायिक सम्पादनमा प्रवाभाकारीता एवं विश्वसनियता बृद्धि गर्न स्थानीय न्यायिक समितिलाई सक्षम सवल बनाई वडा स्तरीय मेलमिलाप केन्द्रलाई प्रभावकारी रुपमा कार्यानवयनमा ल्याईने छ ।

५) स्वास्थ्य संस्थाहरुको सेवा नियमित, पारदर्शी एवं ब्यवस्थित बनाई हरेक नागरिकमा सेवाको पहुँच कायम गरिनेछ । गाउँपालिकामा गुणस्तरिय स्वास्थ्य सेवा प्रवाहका लागि संघिय नितिअनुसार पालिका स्तरिय अस्पताल सन्चालनमा ल्याईने छ। गाउँपालिका भित्र एम्बुलेन्स सेवा सञ्चालन गरिने छ ।

६. गाउँपालिका भित्रका सवै स्वास्थ्य चौकिमा प्रयोगसाला सेवा सन्चालनमा ल्याईने छ । यो सेवा ७० वर्षभन्दा माथिका जेष्ठनागरिक, गर्भवती महिला र अपाङग नागरिकलाई नि शुल्क सेवा प्रधान गरिने छ ।

७. गर्भवती तथा नवजात शिसुको जन्मदरलाई कम गराउन घरमा हुने प्रसुती लाई शुन्यमा पुर्याउनकालागी प्रतेक स्वास्थ्य चौकीमा प्रसुती कुरुवाघरको व्यवस्थागरी सन्चालनमा ल्याईने छ ।

८. बेरोजगार युवाहरुलाई लक्षितगरी आधारभुत सिपमुलक कार्यक्रम सन्चालन गरि ब्यवसायिकतामा जोड दिने नीति लिईनेछ ।

९. विपद्ध ब्यवस्थापनलाई सहज बनाउन गाउँपालिकामा विपद्ध ब्यवस्थापन कोष लाई व्यवस्थित गरि, विपदको आवश्यक पूर्व तयारी तथा विपद्ध पश्चात ब्यवस्थापनको प्रभावकारी नीति लागू गरिनेछ ।

१०. चाालु आर्थिक वर्षमा शुरु गरिएको प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न वडामा सूचीकृत भएका वेरोजगारीहरुलाई सार्वजनिक विकास निर्माणमा परिचालन गरि रोजगार सिर्जना गर्न तर्फ अगाडि बढाईने छ ।

**ख) समुदाय विकास तथा  समावेशी विकास नीति :**

१) गाउँपालिकाद्वारा सञ्चालन गरिने सीप तथा स्वरोजगारमूलक, क्षमता अभिवृद्धि  कार्यक्रमहरु लागत सहभागिताको आधारमा सम्बन्धित सरकारी निकाय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुको सहकार्यमा सञ्चालन गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

२) गाउँपालिका क्षेत्रभित्र विभिन्न संघसंस्थाहरुद्वारा संचालित कार्यक्रमहरुलाई  गाउँपालिकाको दायराभित्र ल्याईनेछ ।

३) महिला, एकल महिला, वालवालिका, दलित, जनजाति, अपाङ्ग, असहायको उत्थानका लागि लक्षित वर्ग कार्यक्रम अन्तर्गत सम्बन्धित क्षेत्रमा क्रियाशिल संघसंस्थामार्फत ती वर्गको सशक्तिकरणका लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ । जेष्ठ नागरिक एवं अपाङ्गताको परिचय पत्र लाई व्यवस्थितगरी सामाजिक सुरक्षा वितरण प्रणालीलाई वैकिङ प्रणालीमा आवदृ गरिने छ ।

४) विकासका दृष्टिले पछाडि परेका वडा तथा क्षेत्रको समानुपातिक एवं सन्तुलित विकासका लागि ती क्षेत्रका समुदायले जुटाउनुपर्ने लागत सहभागिताको भारलाई कम गर्न सकारात्मक बिभेदको नीतिलाई अगाडि बढाईनेछ ।

**ग) शिक्षा, कृषि, बन, खेलकुद, साहित्य, सञ्चार, कला र संस्कृति, सुरक्षा नीति :**

१) शिक्षा क्षेत्रमा गुणस्तरीय सुधारका लागि गाउपालिका भित्रका सवै सामुदायिक विद्यालयहरुमा अंग्रेजी भाषामा पठन पाठनको सुरुवातलाई प्रोत्साहन गरिने छ । क्रमिक रुपमा माथिल्लो तहको कक्षामा पनि अंग्रेजी भाषामा पठन पाठनको व्यवस्था मिलाउदै लगिनेछ । यसको पुर्वाधार विकासकालागी आवस्यक कार्य गरिनुका साथैशिक्षकहरुलाई विषयगत ज्ञान सिप, क्षमता बृद्धि हुनेगरी आवश्यक प्रशिक्षण तालिमको ब्यवस्था मिलाईनेछ ।

२) गाउँपालिकामा स्नातक स्तरसम्म अध्ययनहुने कलेज तथाप्राविधिक शिक्षा अन्तरगत कृषि क्याम्पस स्थापना गर्नेकार्यलाइ अगाडी वढाईने छ ।

३. शिक्षामा सहज सहभागीताकोलागी प्रतेक वडामा नमुना विधालय छनवटगरी विधार्थीलाई सहजरुपमा विधालय जान आउनको लगी यतायत सेवामा जोड दिइने छ ।

४) कृषिमा आधुनिकीकरण गर्दै रोजगार प्रवर्द्धन र व्यवसायीकरका लागि विशेषज्ञबाट माटोको परिक्षण गराई अधिकतम लाभ प्राप्त हुने कृषि उपज उत्पादन र व्यवसायमा जोड दिईनेछ । तरकारी जोनको विकास, खेति योग्य जग्गा जमिन बाझो राख्न नपाईने, बाँझो जग्गाको उपयुक्त व्यवस्थापनका लागि आवश्यक नीति लिइनेछ । विउविजन उत्पादनमा आत्मनिर्भर र निकासीमा प्रोत्साहन गर्ने नीति लिईनेछ । गाउँपालिका भित्र खेतियोग्य जमिनमा सिंचाई सुविधा पुऱ्याईनेछ । समूह खेती, कृषि सहकारीलाई प्राथमिकता दिईनेछ ।

५. गाउँपालिकामा उन्नत घाँस, माछापालन, कफि, अलैंची खेती, पषुपालन व्यवसायीलाई आवश्यक सुविधा, सहजीकरण एवं प्रविधि प्रयोगमा सहयोग गरिनेछ । गाउँपालिका क्षेत्रलाई तरकारी, खाद्यान्न, दुध र मासुजन्य पदार्थमा आत्मनिर्भर बनाउने नीति लिइनेछ । व्यवसायिक रुपमा भैसीं, गाई, बाखा, लोकल कुखुरा, बंगुर, माछा पाल्ने ब्ययसायीलाई अधिकतम उत्पादनको आधारमा अनुदान दिने नीति तय गरिनेछ ।

६. दुध, फलफुल, तरकारी संकलन तथा बजार व्यवस्थापनका लागि संकलन केन्द्र तथा हाट बजार एवं कृषि उपज केन्द्र संचालनमा ल्याईनेछ । गाउँपालिकाको उपयुक्त स्थान पहिचान गरि वार्षिक कृषि तथा पशुमेला तथा प्रदर्शनी गरि किसानलाई प्रतिसपर्धात्मक रुपमा प्रोत्साहित गरिनेछ ।

७. बन तथा सार्वजनिक जग्गाको को संरक्षण सम्बर्द्धनमा जोड दिईनेछ । सरोकारवालाको साझेदारीमा तथ्याङकलाई व्यवस्थित गरि भूसंरक्षणको लागि आवश्यक नीति लिईनेछ । वनसंग सरोकारवाला निकायको समन्वयमा गाउँपालिकाको विकास र अधिकतम लाभ लिन उपयुक्त नीति लिईनेछ । गाउँपालिका भित्रको जडीवुटीको खेतिको सम्भाव्यता अध्ययनगरी कुनै क्षेत्रलाई जडिबुटी जोनको रुपमा व्यवसायिक रुपमा विस्तार गरिनेछ ।वृक्षरोपण कार्यलाइ योजनाबद्ध रुपमा अगाडी वढाईने छ ।

८. गाउँपालिका भित्र रहेका लोपन्मुख पोखरी, सिमसार, मठ मन्दिर, गुम्वा,चर्च, ऐतिहासिक स्थल तथा चौतारा हरुको संरक्षणमा जोड दिइने छ ।

९ साहित्य, कला र संस्कृतिको संरक्षण, प्रबर्द्धन तथा विकासका लागि सम्बन्धित सरोकारवाला पक्षहरुसँगको सहकार्यलाई निरन्तरता दिईनेछ ।

१०. सवै वर्ग र समुदायका परम्परागत रीतिरिवाज, धर्म, संस्कृति, उत्सव, जात्राको संरक्षण सम्मान गर्ने नीति लिईनेछ । सवै जातजातिको धार्मिक कार्यलाई मर्यादित र व्यवस्थित गराउन संस्कृति जगेर्ना सूधार कार्यक्रम सञ्चालन गरिनेछ । दाहसंस्कार, मरनपाटी स्थल सुधार गरिने नीति लिईनेछ ।

११. उद्योग वाणिज्य संघ लगायत सरोकारवाला संघसंस्थाको सहकार्यमा व्यापार प्रवर्द्धनमा जोड दिइनछ ।

१२. गाउँपालिका भित्रको सुरक्षा व्यवस्थालाई चुस्त, दुरुस्त बनाउन सुरक्षा निकायको समन्वयमा आवश्यक नीति अवलम्बन गरिनेछ ।

**घ) पर्यटन विकास नीति :**

१.गाउँपालिकाको पर्यटन गुरुयोजना तर्जुमा गरी सो अनुसारको प्राथमिकता आधारमा पर्यटन क्षेत्रको पूर्वाधार विकास र सेवा सुविधा अभिबृद्धि लगायतका कार्यहरु चरणबद्ध रुपमा कार्यान्वयन गरिनेछ ।

२.पर्यटकीय स्थल र सम्पदाको संरक्षण, सम्वर्द्धन गरी पर्यटकीय सेवा सुविधाको विकास र विस्तार गरिनेछ ।
३. निजी क्षेत्र र समुदायसँग साझेदारीमा पर्यटन विकासका कार्यहरु संचालन गरिनेछ ।

४.. गंगाजमुना गाउँपालिकाको ऐतिहाँसिक, धार्मिक महत्व र परिचय झल्काउने गरी गंगाजमुना क्षेत्रलाई विकास गरिदै लगीने छ । सोको लागिआवश्यक बजेट विनियोजनको व्यवस्था मिलाइनुका साथै अन्य श्रोतको खोजि गरिने छ ।

५. स्थानिय युवाको क्षमता अभिवृदी गरि पर्यटन व्यवसायलाई आकर्षण गर्न समुदाय स्तरमा होमस्टेसञ्चालन गरिने छ ।

**ङ) सार्वजनिक सेवा, सुशासन प्रबर्द्धन एवं संगठन विकास नीति :**

१) गाउँपालिकाबाट सम्पादन हुने कामहरुलाई प्रभावकारी बनाउन, संविधान, स्थानीय सरकार सञ्चालन ऐन तथा प्रचलित कानून बमोजिम आवश्यक विषयगत र क्षेत्रगत निर्देशिकाहरु तर्जुमा गरी कार्यान्वयन गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

२) गाउँपालिकाबाट उपलब्ध हुने सेवाहरु असहाय, अपाङ्ग, बृद्ध-बृद्धा एवं दृष्टिबिहिनहरुको लागि प्राथमिकताका साथ उपलब्ध गराइनेछ ।

३) कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कन पद्दतिलाई प्रभावकारी र वैज्ञानिक बनाई सेवामुखी एवं जवाफदेही बनाईनेछ ।

४) पारदर्शिता एवं सुशासनका लागि गाउँपालिकासँग सम्बन्धित सूचनाहरुलाई विद्युतीय तथा छापा सञ्चार माध्यमबाट सार्वजनिकीकरण गरिनेछ । प्रत्येक वडा कार्यालयमा विद्युतिय माध्यमबाट सेवा प्रवाह संचालनमा जोड दिईनेछ ।

५) गाउँपालिकाको संगठनात्मक संरचना तथा आवश्यक कर्मचारी दरबन्दी स्वीकृत गरी गाउँपालिकालाई चुस्त र छरितो संगठनको रुपमा विकास गरिनेछ ।

६) पारदर्शीता एवं सुशासनका लागि गाउँपालिकासँग सम्बन्धित सूचनाहरुलाई विद्युतीय तथा छापा सञ्चार माध्यमबाट सार्वजनिकीकरण गरिनेछ । नागरिक बडापत्र लागू एवं भ्रष्टचार शुन्य कायम गर्न प्रयत्न गरिनेछ । साथै विकास निर्माण कार्यमा पारदर्शीता कायम गर्न योजना स्थलमा नै सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण गर्ने कार्यलाई निरन्तरता दिईनेछ । सेवा प्रवाहलाई सूचना प्रविधी मैत्री बनाईने छ ।

८)  यस गाउँपालिकाको कार्यसम्पादन तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउन गाउँपालिकामा कार्यरत कर्मचारीहरुलाई उत्प्रेरित गरी मनोबल उच्च राख्न प्रोत्साहनको व्यवस्था गराइनेछ ।

९) यस गाउँको वार्षिक बजेट, नीति तथा कार्यक्रममा नसमेटिएका तर सम्बन्धित निकायबाट आकस्मिक रुपमा प्राप्त हुने बजेट तथा कार्यक्रम र गा.पा.भित्र गर्नुपर्ने आकस्मिक तथा अत्यावश्यक कार्यहरु गाउँपालिका बोर्ड बैठकबाट निर्णय गरी कार्यान्वयन गर्ने र आगामी  गाउँ सभाबाट अनुमोदन गरिनेछ ।

१०) गाउँपालिकाको विभिन्न सेवा सञ्चालन, व्यवस्थापन, प्रवर्द्धनका लागि आवश्यक कानूनको निर्माण गरी कार्यानवयन गरिने छ ।

**रणनीति :** आर्थिक वर्ष २०७६/०७७ को बार्षिक नीति, कार्यक्रम तथा बजेटले परिलक्षित गरेको उद्देश्य प्राप्तिको लागि आवश्यक रणनीतिलाई थप प्रभावकारीता सहित निरन्तरता दिईनेछ ।

१) आधारभूत सेवा तथा पूर्वाधार विकासमा समन्वय, सहकार्य, सहभागिता र साझेदारीको अवधारणलाई थप प्रभावकारी बनाउने ।

२) राजश्वका क्षेत्रहरुको पहिचान र अधिकतम परिचालन र उक्त कार्यका लागि सरोकारवालाहरुको सहकार्यमा जोड दिने ।

३) ठूला योजनाहरुको सम्भाब्यता अध्ययन एवं डिजाइनका लागि विज्ञ परामर्श दातृ संस्थाहरुको सेवा लिने ।

४)  समावेशी तथा सन्तुलित विकासका लागि सामाजिक परिचालनमा जोड दिने ।

५)  लक्षित तथा बिशेष लक्षित क्षेत्रमा क्रियाशिल संघसस्थाहरुलाई गाउँपालिकाको एउटै छाताभित्र समन्वय तथा साझेदारी मार्फत लक्षित उपलब्धी हासिल गर्नमा जोड दिने ।

६) सरकारी, गैरसरकारी तथा निजी क्षेत्रसँगको सहकार्यमा जोड दिने ।

अन्तमा, गंगाजमुना गाउँपालिकाको पाचौ सम्मानित गाउँसभाबाट आ.व. २०७६/७७ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाएकोमा सभाका सदस्यज्यूहरु सम्पूर्ण महानुभावहरु,  गाउँबासी महानुभावहरुमा निति तथा कार्यक्रम कार्यान्वयनमा यहाँहरुको सहयोगको पुर्ण अपेक्षा सहित हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

धन्यावाद ।

वलवहादुर अधिकारी(अध्यक्ष)मिति : २०७६/०३/१०